जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
# राजविराज दैनिक
स.वि.दु.का.द.नं. ५/०६४/०६५
वर्ष ३५ अंक ५४ २०८२ साल असोज ४ गते शनिबार (20 Sep 2025 Saturday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : संविधानको दस वर्षे यात्रा :.. ३ पृष्ठमा : जेनजी प्रदर्शन भ्रष्टाचारप्रतिको.. ३ पृष्ठमा : रुस र इन्डोनेसियामा...

# असोज ३ लाई सरकारी स्तरबाट उत्सव, मोर्चाद्वारा कालो दिवस






**दैनिक समाचारदाता**
**राजविराज, ३ असोज ।**

संविधान दिवसको अवसरमा शुक्रबार सरकारीस्तरबाट यस दिनलाई उत्सवका रुपमा मनाइएको छ भने ६ दल मिलेर बनेको संघीय लोकतान्त्रिक मोर्चाले कालो दिवसको रुपमा मनाएका छन् ।

जिल्ला समन्वय समिति सप्तरीका प्रमुख शिवनारायण साहको संयोजकत्वमा गठित संविधान तथा राष्ट्रिय दिवस मूल समारोह आयोजक समितिद्वारा घोषित तीन दिवसीय कार्यक्रमको पहिलो दिन प्रभातफेरी तथा गजेन्द्रनारायण सिंह अस्पतालमा उपचारार्थ बिरामीहरुलाई फलफुल वितरण गरिएको छ ।

जिल्ला समन्वय समितिको प्राङ्गनबाट निस्केको प्रभातफेरीमा प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेल, राजविराज नगरपालिकाका कार्यावाहक नगरप्रमुख इसरत परवीन, प्रहरी उपरीक्षक गौतमकुमार केसी, प्रहरी नायव उपरीक्षक जितेन्द्रकुमार बस्नेत, सशस्त्र प्रहरी उपरीक्षक रोशन बुढाथोकी, राष्ट्रिय अनुसन्धानका उपनिर्देशक कुलचन्द्र नेपाल, नेपाली काँग्रेस, एमाले र नेकपा माओवादीका नेताहरुसहित कर्मचारी, सेना, सशस्त्र र नेपाल प्रहरीका सुरक्षाकर्मीहरुको सहभागिता रहेको थियो ।

यता शुक्रबारै संघीय लोकतान्त्रिक मोर्चा सप्तरीले संविधान संशोधन र पुनर्लेखनको माग गर्दै हात र टाउकोमा कालोपट्टी बाँधेर विरोध प्रदर्शन गरेका छन् ।

बि.स. २०७२ साल असोज ३ मा संविधानसभाबाट जारी भएको संविधानमा आफूहरुको मागलाई वेवास्ता गर्दै बहुमतका आधारमा संविधान जारी भएकाले सो दिनलाई कालो दिन र कालो दिवसको रुपमा मनाउने गरेको मोर्चाका नेताहरुको भनाई छ ।

मोर्चामा जसपा नेपाल, लोसपा नेपाल, तमलोपा, राष्ट्रिय मुक्ति पार्टी नेपाल, जनता प्रगतीशील पार्टी र नागरिक उन्नमुक्ति पार्टी समावेश रहेका छन् ।

विरोधसभालाई सम्बोधन गर्दै मोर्चाका नेता गजेन्द्र कुमार मंडल, दीपेन्द्र चौधरी, सुनिल झा, दिनेश कुमार यादव, निरज मुक्ति लगायतले आफूहरुले उठाएका माग नसमेटिए सम्म यो दिनलाई कालो दिवसको रुपमा मनाई रहने उदघोष गरेका थिए ।

सरकारी स्तरबाट गठित मूल समारोह समतिले भने संविधान दिवस र राष्ट्रिय दिवसलाई तीन दिन सम्म उत्सवको रुपमा मनाउने गरी प्रभातफेरी, बिरामीलाई फलफुल बितरण, सरसफाई र घर तथा कार्यालयहरुमा साँझ दीपावली गर्ने लगायतका कार्यक्रम सार्वजनिक गरिसकेको छ ।

# आठ हजार ८ सय १६ कैदीबन्दी अझै फरार

काठमाडौं, ३ असोज (रासस) । गत भदौ २३ र २४ गते भएको जेनजीको प्रदर्शनका कारण नेपालका २७ कारागारबाट कैदीबन्दी भागेका छन् । यस्तै नौवटा बालसुधारगृहबाट पनि कैदीबन्दी भागेका पाइएको छ ।

कारागार व्यवस्थापन विभागका निर्देशक चोमेन्द्र न्यौपानेका अनुसार ती कारागारबाट कुल २९ हजार २१२ मध्ये १३ हजार ५९१ कैदीबन्दी भागेका थिए । यस्तै एक हजार ४२२ मध्ये ९६४ जना बालसुधारगृहबाट भागेका थिए । झुम्का, सोलुखुम्बु, सप्तरी, महोत्तरी, रौतहट, सिन्धुली, नक्खु, जगन्नाथदेवल, डिल्लीबजार, रसुवा, चितवन, तनहुँ, कास्की, पर्वत, कपिलवस्तु, तुलसीपुर, नौबस्ता, रुकुमपूर्व, जुम्ला, बझाङ, कैलाली, दार्चुला, बैतडी, डडेलधुरा र कञ्चनपुरबाट कैदीबन्दी भागेका उहाँले बताउनुभयो ।

यस्तै मोरङ, पर्सा, भक्तपुर, मकवानपुर, कास्की, रुपन्देही, जयन्डु, नौबस्ता र डोटी बालसुधारगृहबाट पनि कैदीबन्दी भागेका थिए ।

निर्देशक न्यौपानेका अनुसार अहिलेसम्म कारागारबाट भागेकामध्ये पाँच हजार ४९५ र बालसुधारगृहबाट भागेकामध्ये २४४ कैदीबन्दी फिर्ता आएका छन् । अझै आठ हजार ८१६ कैदीबन्दी फरार रहेका र खोजी कार्य जारी रहेको विभागले जनाएको छ । नेपाल प्रहरीको हिरासतमा रहेका कैदीबन्दी फरार रहेका र उनीहरूको पनि खोजी जारी रहेको प्रहरीले जनाएको छ ।

# दशैंका लागि छिन्नमस्ता मन्दिरलाई सिंगारिदै



**दैनिक समाचारदाता**
**राजविराज, ३ असोज ।**

मुलुककै प्रसिद्ध शक्तिपीठ मध्येका एक सप्तरीको छिन्नमस्ता भगवती मन्दिरलाई दशैंका लागि सिंगारिदै छ । यस पटक १५ देखि २० लाख सम्म भक्तजन आउने अनुमानसहित आवश्यक तयारी अन्तिम चरणमा पुऱ्याइएको छ ।

छिन्नमस्ता भगवती मन्दिर संरक्षण सम्बर्द्धन समितिले लाखौं रुपैयाँ खर्च गरेर मन्दिर सिंगार्ने तथा सजावटसहित अन्य काम सुरु गर्दै तयारी अन्तिम चरणमा पुऱ्याएको हो ।

दर्शनार्थीका लागि सहज पुजापाठ, सुरक्षा, पण्डाल, स्वच्छ खानेपानी, बासस्थल, विद्युतिकरण र सजावट लगायतका काम धमाधम भईरहेको मन्दिर समितिका कार्यवाहक अध्यक्ष समेत रहेका पीठाधिश महाकान्त ठाकुरले जानकारी दिए ।

उनले दर्शणार्थीको सुरक्षा र आपराधिक गतिबिधी नियन्त्रणका लागि यस पल्ट मन्दिर भित्र र बाहिर चारैतिर गरी कुल ३२ वटा सिसि टिभि क्याम्रा जडान गरिएको बताए ।

दशैंको तैयारीका लागि रगंरोगन, प्रचार प्रसार, विभिन्न निकायमा पत्राचार लगायतका कार्य अन्तिम चरणमा पुगेको जानकारी दिएका उनले मन्दिर सम्म पुग्ने बाटोको केही भाग अझै जिर्ण र खाल्डाखुल्डीको अवस्थामा रहेकाले अबिलम्ब उक्त सडकको स्तरोन्नतिका लागि सरकारबाट पहल हुनुपर्ने आवश्यकता समेत औंल्याए ।

नेपाल तथा भारतका हिन्दु धर्मावलम्बी माझ ख्याति प्राप्त यस मन्दिरमा दशैंका बेला लाखौं भक्तजन आउने गरेका छन् ।

दशैंको तयारीमा जुटेको समितिले शुक्रबार एक कार्यक्रमको आयोजना गरी गत आर्थिक वर्ष २०८१/२०८२ को आयव्यय समेत सार्वजनिक गरेको छ । जसअनुसार बलि प्रदान, गाडी पुजन, गाडी पार्किङ्ग, मुण्डन, चन्दा, धर्मशाला सहयोग, शिध दर्शन शुल्क, सटर भाडा, दानपेटिका लगायतका शिर्षकबाट समितिले १ करोड ४५ लाख ९ सय ९३ रुपैयाँ आम्दानी गरेको छ ।

यस्तै कर्मचारी तलब, गंगा आरती, समान खरिद, स्टेशनरी, ग्रिल, रगंरोगन, सरसफाई लगायत शिर्षकमा भएको खर्च कटाएर सो आर्थिक वर्षमा कुल ५५ लाख ३४ हजार ८ सय ७१ रुपैयाँ बचत भएको मन्दिर समितिले जनाएको छ ।

**चाडपर्व प्रति सम्मान गरौं ।**

- चाडपर्व मनाउँदा अनावश्यक तडकभडक नगरौं,
- मौलिक संस्कार र संस्कृति झल्कने गरी चाडपर्व मनाऔं,
- सभ्य, शिष्ट र मर्यादित रुपमा चाडपर्व मनाऔं,
- असल आचरण र सामाजिक सद्भाव प्रवर्द्धन गरौं,
- एक अर्काको चाडपर्व प्रति सम्मान गरौं,
- अरुलाई नकरात्मक असर पार्ने गतिविधि नगरौं,
- धर्म संस्कृति र परम्परालाई सम्मान गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### कारागारको अवस्थाप्रति प्रशासन गम्भिर हुनु आवश्यक

कारागार कार्यालय सप्तरीको अवस्था निकै नाजुक रहेको छ । भवन जिर्ण भएपछी सुरक्षा व्यवस्था समेतमा सतर्कता अपनाउन निकै चुनौती रहेको छ । हालै जेनजीको आन्दोलन पश्चात् कारागारबाट सुरक्षा व्यवस्थालाई चुनौती दिंदै २ सय ५ कैदीबन्दी फरार भएका थिए । हालसम्म पनि सय भन्दा बढी कैदीबन्दी फरारै रहेका छन् । मुलुककै पुरानो मध्ये एक यो कारागार अहिले विभिन्न समस्यामा जकडिएको छ । कारागारको जग्गा अतिक्रमण तथा त्यस वरिपरि फोहरको थुप्रो, जिर्ण भवन त्यसमा पनि क्षमता भन्दा तेब्बर कैदीकन्दीको चाप । यी समस्याले जकडिएको राजविराज कारागारको सुधारका लागि दशकौंदेखी पहल भइरहदा पनि अझै सुधार हुन सकेको छैन् ।

कारागारको जिर्ण भवन र साँगुरो ठाउँका कारण कैदीबन्दीहरु कोचिकोचि बस्न बाध्य छन् । एक सय २५ कैदीबन्दी राखिने क्षमता रहेको यस कारागारमा हाल ३ सय ९७ कैदीबन्दीहरु छन् । कारागारकै जग्गा अतिक्रमित समेत हुदा स्थानिय प्रशासन मौन छ । आफ्नो जग्गा अतिक्रमण भएको विषयमा कुनै ठोस निर्णय समेत गर्न सकेको छैन् ।

तसर्थ कारागार प्रशासनदेखी स्थानिय प्रशासनसम्मले एउटा ठोस नीति बनाएर ती सबै समस्या समाधानका लागि पहल गर्नु अति आवश्यक छ ।


**डा. भगवती यादव**
**Dr. Bhagwati Yadav**
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# संविधानको दस वर्षे यात्रा : आन्दोलनपछि पुनरावलोकन अपरिहार्य

**धर्मेन्द्र झा**

काठमाडौँ, ३ असोज (रासस) ।

संविधान जारी भएको दसौँ वर्ष । अघिपछिको भन्दा यस पटकको यो दिवस दुई कारणले महत्वपूर्ण छ । पहिलो, नेपालको संविधान २०७२ जारी भएको दसौँ वार्षिकोत्सव र दोस्रो युवाहरूको आन्दोलनपछि मनाइएको पहिलो दिवस । अन्तरिम सरकारले भव्यतापूर्वक मनाउने निर्णय गरेअनुसार विविध कार्यक्रमको आयोजना गरी देशभरि यो दिवस मनाइँदैछ/मनाइएको छ ।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीलाई सत्ताबाट अलग्गिन बाध्य बनाएको युवा पुस्ता केन्द्रित दुईदिने आन्दोलनको निश्चय पनि कालजयी महत्व छ र यसको चर्चा सुदूर भविष्यसम्म रहनेछ । सम्भवतः विश्व इतिहासमै सबैभन्दा तीव्र निर्णायक बनेको आन्दोलन सत्ता उलटपुलटको कारण बन्न पुग्यो । यो घटना विश्वका धेरै देशमा धेरै दिनसम्म उदाहरणीय बन्नेछ । यस पृष्ठभूमिमा संविधान दिवसको विशिष्ट महत्व छ, यसमा विमति हुन सक्दैन । आन्दोलनमा शहादत प्रदान गर्नेप्रति सम्मान र घाइतेको स्वास्थ्यलाभको कामना ।

संविधान दिवसभन्दा करिब एक साता (भदौ २३ र २४)अघि भएको यो आन्दोलन नेपालको इतिहासमा जेनजी (जेनरेसन जेड अर्थात् सन् १९९७ देखि २०१२ सम्म जन्म भएको पुस्ता) आन्दोलनका नामले प्रसिद्ध हुनेछ, यसमा शङ्का छैन । अहिले यो आन्दोलनको प्रभाव र भविष्यका दिशाका सम्बन्धमा विभिन्न कोणबाट अनुमान र मूल्याङ्कनका कार्य भइरहेका छन् । मूल्याङ्कनका अन्य पक्षका सन्दर्भमा त पछि पनि बहस हुँदै गर्ला, तर एउटा महत्वपूर्ण पक्ष के हो भने मूलतः सुशासन कायम र भ्रष्टाचार अन्त्यको विषयलाई मुद्दा बनाएर उठेको जेनजी पुस्ताको नेतृत्वको यो आन्दोलनमा मानसिक रूपमा जेनजी पुस्ता मात्र सहभागी थिएन, बरु यो मुद्दासँग सहमत हुने सबै नेपालीको नैतिक समर्थन थियो । सुशासनको सुनिश्चितता र सत्तामा युवाको साझेदारीको विषय निश्चय पनि कुनै खास वर्ग र पक्षसँग सम्बन्धित थिएन र छैन ।

आन्दोलनमा कुन पुस्ता सहभागी थियो थिएनभन्दा पनि आन्दोलनको परिणाम के हो र उपलब्धिलाई कसरी संस्थागत गर्न सकिन्छ भन्ने कुरा महत्वपूर्ण हो । यस दिशामा गहिरिएर विश्लेषणको प्रयत्न गर्ने हो भने आन्दोलनको अपेक्षाका दृष्टिले मौजुदा संविधान एक सशक्त माध्यम बन्न सक्छ । मौजुदा समस्याको समाधान संविधानका आधारमा पहिल्याउन सकिने अपेक्षा गरिनु अनुचित हुँदैन । हाललाई प्रत्यक्ष आन्दोलन सकिएको छ । संविधान जोगिएको छ । सविधान जोगाउने भगिरथ प्रयत्नका लागि राष्ट्रपतिप्रति आभार । राजनीतिक निकासका लागि सहजीकरण गर्ने सेनाप्रमुख अशोकराज सिग्देललगायत नेपाली सेनालाई धन्यवाद । आन्दोलनको रापतापबाट नेपालको प्रथम महिला प्रधानमन्त्री बनेर सुशीला कार्कीले नयाँ इतिहास रचना गर्नुभएको छ । उहाँलाई पनि बधाई तथा शुभकामना । यद्यपि, उहाँका सामु थुप्रै चुनौती छन् । तर यस आलेखमा सरकारका चुनौतीभन्दा संविधानबारे नै चर्चा गर्ने प्रयत्न गरिन्छ ।

आन्दोलनपछि अवलोकन गर्ने क्रममा यो पङ्क्तिकारको ध्यान, नयाँबानेश्वरस्थित संसद्भवन परिसरको बाहिरी पर्खालमा रातो रङले लोकतन्त्रको रक्षा र संविधान बचाउनेसम्बन्धी लेखिएको दुईटा नाराले, आकृष्ट गरेको थियो । यो दुवै नारा आन्दोलनकारीले नै लेखेको मान्दा तिनलाई आन्दोलनको प्रतिनिधि अभिव्यक्तिका रूपमा स्वीकार गर्न सकिन्छ र संविधान दिवसका दिन यो स्वीकारोक्तिको ठूलो महत्व रहेको मान्न सकिन्छ । इन्टरनेट स्वतन्त्रतामा हुर्किएको पुस्ताले लोकतन्त्रको प्रशस्त सदुपयोग गरेको छ र यही स्वतन्त्रताको उपयोग गर्दै यो पुस्ताले 'इन्टरनेट'मा आधारित सामाजिक सञ्जालको निर्बाध प्रयोगको वातावरण प्रत्याभूतको माग गर्दै यही सञ्जालमार्फत आन्दोलनको प्रारम्भ गरेको थियो । लोकतन्त्रको यो उन्नत अवस्था विद्यमान संविधानले नै सिर्जना गरेको कुरामा वर्तमान पुस्ता सहमत छ । त्यसैले त आन्दोलनले आफूलाई लोकतन्त्र र संविधानको पक्षमा उभ्यायो र संविधानभित्रैबाट समस्याको सम्बोधन खोज्ने मनसायले संविधान बचाउने कालजयी जिम्मेबारी निर्वाह गऱ्यो । आन्दोलनमा विशुद्ध आन्दोलनकारीबाहेक विभिन्न अवाञ्छित समूहको पनि घूसपैठ हुनसक्ने सम्भावनलाई अहिले स्वीकार गरिएको पृष्ठभूमिमा लोकतन्त्र र संविधान विरोधीहरूले धमिलो पानीमा माछा मार्ने प्रयास गरेको यथार्थलाई अस्वीकार गर्न सकिँदैन, तर इमान्दार आन्दोलनकारीले त्यो प्रयासलाई असफल बनाउँदै लोकतन्त्रप्रतिको आफ्नो प्रतिबद्धतालाई जगजाहेर गरेका छन् ।

हो, संविधानमा कतिपय सुधार आवश्यक हुन सक्लान् । लोकतन्त्रलाई थप उन्नत बनाउनुपर्ने होला । तर नयाँ पुस्ताले आन्दोलनमार्फत के स्वीकार गरेको छभने सुधारका आवश्यकतालाई मनन गर्दै गणतन्त्र र लोकतन्त्रलाई थप उन्नत बनाउनु वाञ्छनीय छ । यसका लागि संविधान एक सशक्त औजार हुन सक्छ । संविधान दिवसको सेरोफेरोमा आन्दोलनमार्फत सार्वजनिक भएको यो सन्देश निश्चय पनि भावी नेपाल र भावी पुस्ताका लागि निकै महत्वपूर्ण छ । नेपालको संविधान प्रकृतिगत दृष्टिले लचिलो मानिन्छ । आवश्यक संशोधनमार्फत संविधानलाई थप सशक्त, प्रभावकारी र लोककल्याणकारी बनाउन सकिन्छ । यस पटकको आन्दोलनको एउटा 'म्यान्डेट' यो पनि हो ।

माथि चर्चा गरियो, संविधान जारी भएको शुक्रबार दसौँ वार्षिकोत्सव हो र यस अवसरमा संशोधन गरेर संविधानलाई थप उन्नत बनाउन आन्दोलनमार्फत जनादेश प्राप्त हुनु निकै अर्थपूर्ण छ । राजतन्त्रात्मक र एकात्मक प्रणालीबाट सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरण हुनु अत्यन्त जटिल र जोखिमपूर्ण प्रक्रिया भए पनि संविधानले गरेको मार्गनिर्देशका कारण नेपाल यसमा सफल भएको देखिएको छ । जनताद्वारा निर्वाचित प्रतिनिधिबाट संविधान बनाइनु र वंश परम्परामा आधारित शासन व्यवस्थालाई जनतामा निहित सार्वभौम सत्ताको प्रयोगमार्फत जनताका छोराछोरी नै राष्ट्रकोप्रमुख पद राष्ट्रपतिमा आसीन गराउने हैसियत बनाउने कुरा संविधानले निर्दिष्ट गरेको नागरिक सर्वोच्चताको परिणाम भएको कुरामा शङ्का छैन ।

नेपालमा लामो सङ्घर्षपछि नेपाली जनताले आफ्ना प्रतिनिधिमार्फत निर्माण गरेको वर्तमान संविधान साँच्चिकै उत्कृष्ट मानिन्छ । नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक घोषणा गर्दै नेपालको संविधानले गरेको व्यवस्थाअनुसार दोस्रो पटक निर्वाचन सम्पन्न भइसकेको छ । तर पछिल्ला दिनमा निर्वाचन प्रक्रियाकै बारेमा पनि बहस चल्न थालेको पृष्ठभूमिमा सार्थक निष्कर्षमा पुग्नु जरुरी छ । जे होस् संविधानले निर्वाचनमार्फत सेवा प्रदायक निकायहरू जनताको नजिक परिकल्पना गरेको छ, यो सकारात्मक छ । शिक्षा, स्वास्थ्य तथा पूर्वाधार विकासका लागि स्रोतको मात्र हैन, विधि बनाउने, कार्यान्वयन गर्ने र जनशक्ति परिचालन गर्ने अधिकारसमेत विकेन्द्रित भएको छ । संविधानमा पहिलोपटक राष्ट्रिय हितका तत्वहरू र नागरिकले पूरा गर्नुपर्ने दायित्वहरू मात्र उल्लेख छैनन् कि अधिकारमुखी दृष्टिकोणबाट थप १० मौलिक हकहरू साबिकका प्रावधानमा थप गरिएका छन् ।

मौलिक हक कार्यान्वयनका लागि आवश्यक तीन सयभन्दा बढी कानुन बनेका छन् र कतिपय कानुन संशोधन भएका छन् । संविधानको यिनै विशेषताको मूल्याङ्कन गर्दै अन्तरव्यवस्थापिका सङ्घले सन् २०२० मा पुरस्कृतसमेत गर्नु भनेको समस्त नेपालीका लागि गौरवको विषय हो । तर यति हुँदाहुँदै पनि सुशासन कायम गर्ने र भ्रष्टाचार नियन्त्रणका दृष्टिले जनताले चाहेको उपलब्धि प्राप्त हुन नसक्दा जनअसन्तुष्टि चुलिँदै गएको सत्य हो । यही पृष्ठभूमिमा उठेको आन्दोलनले सत्ता नै उलटफेर गरेर जनता सर्वशक्तिमान हुन्छन् भन्ने कुरा एकपटक पुनः प्रमाणित गरिदियो ।

संविधानले निर्दिष्ट गरेअनुसार गणतन्त्रले सिद्धान्ततः समानता, सामाजिक न्याय, आर्थिक-सामाजिक विषयमा समान पहुँचजस्ता विषयलाई सहज उपभोग गर्न पाउने अवस्थाको निर्माण गरे पनि शासनमा रहेका केही व्यक्तिको बेइमानीका कारण व्यवहारमा यी विषयको कार्यान्वयन चुनौतीपूर्ण बन्न पुगेकै हो, यो स्वीकार गर्नैपर्छ । लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई समाजको गहिराइसम्म संस्थागत गर्ने संविधानले परिकल्पना गरेबमोजिम गणतन्त्रात्मक शासन व्यवस्थाको अभ्यास त भएको हो तर व्यवहारमा त्यो कति फलदायी बन्न सक्यो भन्ने कुराको लेखाजोखा अहिले अपरिहार्य छ । शायद आन्दोलनको सन्देश पनि यही नै हो । हो, संविधानले राजनीतिक तहमा ठूलै उथलपुथल ल्याएको हो तर, जनताको जीवनमा भने राजनीतिक परिवर्तनले अझै गुणात्मक अन्तर ल्याउन सकेको छैन । जबसम्म राजनीतिक परिवर्तनले जनताको दैनिक जीवन र राष्ट्रको समृद्धिमा प्रत्यक्ष प्रभाव पार्दैन, तबसम्म राजनीतिक परिवर्तन दिगो र संस्थागत हुन पनि सक्दैन ।

नेपालको संविधान २०७२ जारी भएको दसौँ वर्षको उत्सव मनाइरहिएको अवस्थामा संविधानको समीक्षा आवश्यक छ । संविधानमै प्रत्येक दस वर्षमा संविधानका प्रावधानहरूको पुनरावलोकनको आवश्यकताको परिकल्पना गरिएको छ । सायद आन्दोलनले त्यो आवश्यकताप्रति आम देशवासीलाई झक्झक्याएको छ । मुलुकको भौगोलिक अखण्डता, राष्ट्रिय सार्वभौमिकता, स्वाधीनता र राष्ट्रिय एकतालाई अझ सुदृढ गर्दै सामाजिक न्यायसहितको समृद्धि हासिल गर्ने बाटोमा अघि बढ्नु समयको आवश्यकता रहेको छभन्दा असङ्गत ठहर्दैन । संविधानको सफल कार्यान्वयन, बलियो राष्ट्रिय एकता र प्रत्येक नागरिकले प्रत्यक्ष अनुभूति गर्नेगरी दिगो आर्थिक विकाससहितको समृद्ध नेपाल निर्माणलाई साझा 'एजेन्डा' बनाउनु आवश्यक छ । संविधान दिवस २०८२ ले सबैलाई प्रेरणा देओस् । सबैमा शुभकामना । (लेखक राससका कार्यकारी अध्यक्ष हुनुहुन्छ)

# जेनजी प्रदर्शन भ्रष्टाचारप्रतिको असन्तुष्टिको प्रतिविम्ब हो : प्रधानमन्त्री कार्की

काठमाडौँ, ३ असोज (रासस)।

प्रधानमन्त्री सुशीला कार्कीले गत भदौ २३ र २४ गते जेनजी युवाको अगुवाइमा भएको विरोध प्रदर्शन र आन्दोलन युवापुस्ताको चाहना, जनताको बढ्दो चेतनास्तर र मुलुकमा विद्यमान भ्रष्टाचारप्रतिको असन्तुष्टिको प्रतिविम्ब भएको बताउनुभएको छ।

संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८२ का अवसरमा शुक्रबार यहाँ आयोजित मूल समारोहमा उहाँले संविधानको मर्म र भावनाबमोजिम सुशासन, समृद्धि र विकासको क्षेत्रमा भएका कमीकमजोरी र त्यसबाट सिर्जित असन्तोष, अभाव वा अपेक्षा पूरा नभएकाले पनि यो आन्दोलनको जन्म भएको कुरालाई स्वीकार गर्नुपर्ने उल्लेख गर्नुभयो।

प्रधानमन्त्री कार्कीले भन्नुभयो, "यस आन्दोलनलाई मैले हाम्रो लोकतान्त्रिक प्रणालीको स्वास्थ्यसँग पनि जोडेर हेर्ने गरेको छु किनभने लोकतन्त्र भनेको जनताको आवाज सुन्ने, संवाद गर्ने र समाधान खोज्ने प्रणाली हो।"

जेनजी पुस्ताको आन्दोलन राज्यका तर्फबाट व्यक्त गरिएको प्रतिबद्धताअनुसारको सङ्घीय गणतन्त्रात्मक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका, कानुनी राज्य, सुशासनलगायतका लोकतान्त्रिक मूल्यमान्यतामा खरो उत्रन नसक्नुको परिणाम पनि भएको उहाँको भनाइ थियो।

युवापुस्ताले उठाएका रोजगारीको अवसर, गुणस्तरीय जीवनस्तर, सरकारका कामकारबाहीमा पारदर्शिता, कानुनी समानता, भ्रष्टाचारको अन्त्य, सुशासन र विकासजस्ता सवाल यथार्थमा नै सबै पुस्ताका साझा अपेक्षा र राष्ट्रिय 'एजेन्डा' भएको उल्लेख गर्नुभयो। यी एजेन्डालाई आत्मसात् गर्दै जनअपेक्षाबमोजिम काम गर्न सरकार प्रतिबद्ध रहेको उहाँको भनाइ थियो।

"पछिल्लो आन्दोलनले हामीलाई धेरै क्षेत्रमा सुधार गर्न मार्गनिर्देश गरेको छ। युवापुस्ता आफू शासकीय प्रणालीमा सहभागी हुन चाहन्छ। विकसित देशका सफल शासकीय अभ्यासलाई आफ्नो मुलुकमा देख्न चाहन्छ। नीतिगत तहमा आफ्ना विचार प्रतिविम्बित भएको हेर्न चाहन्छ", उहाँले भन्नुभयो, "यसर्थ, संविधान दिवसको यस अवसरमा म यो सरकारले युवा, महिला, बालबालिका, फरक क्षमता भएका व्यक्ति, दलित, आदिवासी जनजाति, मधेसी, थारू, पछाडि परेको वर्ग, समुदाय र सबै पुस्ताको भावना र अपेक्षालाई सम्बोधन गर्न दृढ सङ्कल्पका साथ निरन्तर काम गर्दै जाने विश्वास दिलाउन चाहन्छु।"

जेनजी आन्दोलनका क्रममा क्षतिग्रस्त सार्वजनिक संरचनाको पुनःनिर्माण गर्नुपर्ने एवं व्यावसायिक प्रतिष्ठानमा पुग्न गएको क्षतिबाट देशलाई माथि उठाउनुपर्ने चुनौती रहेको उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले विकासको संवाहकका रूपमा रहेको निजी क्षेत्रको मनोबल बढाउनुपर्ने र तोकिएको समयमै निर्वाचन सम्पन्न गर्नुपर्नेमा जोड दिनुभयो।

यस सन्दर्भमा, क्षतिको पुनःनिर्माण र विकासको महाअभियानमा सहभागी हुन उहाँले सम्पूर्ण युवापुस्ता, राजनीतिक दलहरू, राष्ट्रसेवक कर्मचारीहरू, निजी क्षेत्र, विकास साझेदारहरू र आमनागरिकलाई आह्वान गर्नुभयो।

प्रधानमन्त्री कार्कीले शासकीय शैलीप्रति जनताका असङ्ख्य गुनासा, आक्रोश र असन्तुष्टिहरू रहेको उल्लेख गर्दै ती असन्तुष्टिलाई एकैचोटि सम्बोधन गर्न कठिन भए तापनि वर्तमान सरकारले आफ्नो स्रोतसाधन र क्षमताले भ्याएसम्म ती समस्याको समाधान गर्न इमानदार प्रयास गर्ने विश्वास दिलाउनुभयो। वर्तमान सरकार नागरिकप्रति पूर्ण जवाफदेही रहने प्रतिबद्धता व्यक्त गर्दै नागरिक पनि आफ्ना कर्तव्यप्रति सचेत रहनु हुनेछ भन्ने विश्वास उहाँले व्यक्त गर्नुभयो।

नेपाली जनताले चुनेका प्रतिनिधिमार्फत संविधानसभाले बनाएको नेपालको संविधान जारी भएको दिनलाई संविधान दिवस तथा राष्ट्रिय दिवसका रूपमा उत्साहपूर्वक मनाइएको बताउँदै प्रधानमन्त्री कार्कीले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानले एक दशक पूरा गरेको यस गौरवपूर्ण घडीमा सम्पूर्ण नेपाली जनतामा शुभकामना व्यक्त गर्नुभयो।

"नेपालको वर्तमान संविधान नेपाली जनताले पटकपटक गरेका जनआन्दोलन, सङ्घर्ष, त्याग र बलिदानबाट निर्माण भएकाले यो नेपाल र नेपालीको भाग्य, भविष्य र आकाङ्क्षालाई प्रतिविम्बित गर्ने मार्गदशक दस्तावेज हो", प्रधानमन्त्री कार्कीले भन्नुभयो, "सङ्घीयता, लोकतन्त्र, गणतन्त्र, समावेशिता र सामाजिक न्यायजस्ता आधारभूत विशेषता अँगालेको नेपालको संविधान जारी भएको दिन हामी सबै नेपालीले गौरव गर्ने दिन पनि हो।"

संविधान दिवस केवल उत्सव मात्र होइन, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मूल्याङ्कन गर्ने दिन पनि भएको बताउँदै उहाँले यो संविधान कार्यान्वयनमा आएको विगत एक दशकको अवधिमा संविधानले मार्गदर्शन गरेको यात्रामा के हासिल गऱ्यौँ, के गर्न सकेनौँ, यसबीचमा के-कस्ता कमी कमजोरी रहे र आगामी दिनमा के-कस्तो कार्यदिशा आवश्यक छ भन्ने सवालहरूको गम्भीरतापूर्वक समीक्षा गर्नुपर्ने स्थिति रहेको उल्लेख गर्नुभयो।

"संविधानले सङ्घ, प्रदेश र स्थानीय तहमा अधिकारको बाँडफाँट, जनताको पहुँचमा गुणस्तरीय र छरितो सेवा तथा स्थानीय नेतृत्वलाई सशक्त बनाउने आधार प्रदान गरेको छ। तथापि, सेवा प्रवाहमा समान पहुँच, पारदर्शिता, सुशासन, भ्रष्टाचारको अन्त्य, साधनस्रोत र प्रविधिको उच्चतम उपयोग, सार्वजनिक सेवाको लागतमा प्रभावकारिता, प्रतिफल सुनिश्चित हुने गरी विकास व्यवस्थापनजस्ता विषयहरू तीनै तहका सरकारका लागि साझा चुनौतीका रूपमा रहेका छन्", उहाँले भन्नुभयो, "यी चुनौतीहरू सामना गर्न सरकार मात्र होइन, निजी क्षेत्र, नागरिक समाज, सामुदायिक तथा गैरसरकारी क्षेत्र, नेपालको समृद्धि र विकासमा हातेमालो गर्ने अन्तरराष्ट्रिय समुदाय र प्रत्येक नागरिकको भूमिका अपरिहार्य हुन्छ।"

प्रधानमन्त्री कार्कीले आफूहरू कुनै शासकीय आकाङ्क्षा बोकेर, कुनै पदको लालचा लिएर प्रधानमन्त्री नभएको बताउँदै देश सङ्कटमा रहेको बेला परिवर्तनकामी युवापुस्ताको अनुरोधसमेतका आधारमा चुप लागेर बस्न नसकी सङ्क्रमणको व्यवस्थापन गर्दै नेपालको संविधानबमोजिम छ महिनाभित्र प्रतिनिधिसभाको निर्वाचनमार्फत जननिर्वाचित सरकारलाई जिम्मेवारी हस्तान्तरण गर्नेगरी अन्तरिम सरकारको प्रधानमन्त्री भएको स्पष्ट पार्नुभयो।

प्रधानमन्त्री कार्कीले २०६२/६३ सालको ऐतिहासिक जनआन्दोलनको जगमा निर्माण भएको नेपालको संविधानले विश्वलाई 'नेपाली जनता आफ्नो भाग्य आफैँ कोर्न सक्षम छन्' भन्ने सन्देश दिएको बताउनुभयो। "अहिले हामीले संविधानमा परिवर्तनभन्दा पनि संविधानको मर्म र भावनाबमोजिमको कर्मको अझ बढी अपेक्षा गरेका छौँ", उहाँले भन्नुभयो, "त्यसका लागि आगामी फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनलाई स्वच्छ, निष्पक्ष, कम खर्चिलो एवं भयरहित वातावरणमा सम्पन्न गरी युवापुस्तालगायत सबै वर्ग, क्षेत्र र समुदायको अपनत्व सिर्जना गर्नुपर्ने आवश्यकता छ।"

उहाँले संविधान दिवसका अवसरमा विगतका जनआन्दोलन र हालैको जेनजी आन्दोलनमा जीवनको आहुति दिने सबै सहिदहरूप्रति श्रद्धाञ्जलि अर्पण गर्दै शोकसन्तप्त परिवारमा समवेदना प्रकट गर्नुभयो। साथै प्रधानमन्त्री कार्कीले जेनजी आन्दोलनमा घाइते व्यक्तिको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै आन्दोलनका क्रममा सार्वजनिक एवं निजी सम्पत्ति र औद्योगिक तथा व्यापारिक प्रतिष्ठानमा हुन गएको अकल्पनीय र अपूरणीय क्षतिप्रति दुःख व्यक्त गर्नुभयो।

समारोहमा राष्ट्रपति रामचन्द्र पौडेल, उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत, सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल, पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराई, संवैधानिक निकायका प्रमुख तथा प्रतिनिधि, नेपाल सरकारका विशिष्ट श्रेणीका कर्मचारी, सुरक्षा निकायका प्रमुख तथा पदाधिकारी, नेपालस्थित विदेशी नियोगका प्रमुखलगायत उपस्थित हुनुहुन्थ्यो।

# संविधान जोगाउन र सार्वभौमसत्ताको रक्षा गर्न एमाले अध्यक्ष ओलीको अपिल

काठमाडौँ, ३ असोज (रासस)।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष एवं निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले संविधान जोगाउन र सार्वभौमसत्ताको रक्षा गर्ने कार्यमा एकताबद्ध हुन अपिल गर्नुभएको छ।

संविधान दिवसका अवसरमा शुक्रबार वक्तव्य जारी गर्दै उहाँले देशको सार्वभौमसत्तामाथि उत्पन्न चुनौतीलाई परास्त गर्दै जारी भएको संविधान नेपाली जनता आफैँले आफ्ना निम्ति लेखेको भविष्य रेखा भएको उल्लेख गर्नुभएको छ।

अध्यक्ष ओलीले गत भदौ २३ र २४ गते 'जेनजी' प्रदर्शनका क्रममा घुसपैठ भई हिंसा मच्चाउँदा युवाको ज्यान गएकामा दुःख व्यक्त गर्दै उहाँले तत्कालीन सरकारले प्रदर्शनकारीलाई ताकीताकी गोली हान्ने आदेश नदिएको स्पष्ट गर्नुभयो। "प्रहरीसँग नभएका स्वचालित हतियारले गोली हानेको घटनाको छानबिन हुनु पर्दछ। त्यस घटनाप्रति म फेरि दुःख व्यक्त गर्दै दिवङ्गत युवाप्रति श्रद्धाञ्जली एवं घाइतेहरूको स्वास्थ्यलाभको कामना गर्दछु", उहाँले भन्नुभएको छ, "यो संविधान निर्माण गर्दा हामीले भोगेका

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

### रुस र इन्डोनेसियामा शक्तिशाली भूकम्प, सुनामीको चेतावनी जारी

मस्को/जकार्ता, ३ असोज (रासस/एएफपी)।

शुक्रबार बिहान रुसको सुदूर पूर्वी कामचटका प्रायद्वीप र इन्डोनेसियाको सेन्ट्रल पपुवा क्षेत्रमा शक्तिशाली भूकम्प आएपछि स्थानीय बासिन्दा आत्तिएका छन्। दुवै क्षेत्र प्रशान्त महासागरको 'रिङ अफ फायर' मा पर्ने भएकाले बारम्बार भूकम्पीय गतिविधिको सामना गर्दै आएका छन्। रूसमा ७.८ म्याग्निच्युडको भूकम्प कामचटका प्रायद्वीपको तटमा महसुस भएको अमेरिकी भूगर्भीय सर्वेक्षण (युएसजिएस) ले जनाएको छ।

राजधानी पेट्रोपाभ्लोभस्क-कामचाट्स्कीबाट एक सय २८ किलोमिटर पूर्वमा र १० किलोमिटर गहिराइमा आएको यो भूकम्पका कारण भवनहरू हल्लिएका थिए। रूसी जियोफिजिकल सेवाले यसलाई ७.४ म्याग्निच्युडको अनुमान गर्दै कम्तीमा पाँच वटा परकम्प आएको जनाएको छ। सामाजिक सञ्जालमा साझा गरिएका भिडियोहरूमा घरभित्रका फर्निचर, लाइट फिक्स्चर र सडकमा पार्क गरिएका कारसम्म हल्लिएको देखिन्छ।

सुरुमा जारी गरिएको सुनामी चेतावनी केही घण्टापछि हटाइएको भए पनि अमेरिकी प्यासिफिक सुनामी वार्निङ सेन्टरले नजिकैको तटमा खतरनाक छालको सम्भावना रहेको चेतावनी दिएको थियो। "कामचटका बासिन्दाहरूको लचिलोपन फेरि एक पटक परीक्षण भइरहेको छ", गभर्नर भ्लादिमिर सोलोदोभले टेलिग्राममार्फत प्रतिक्रिया दिँदै शान्त रहन आग्रह गर्नुभयो। हालसम्म क्षतिको कुनै रिपोर्ट छैन।

यसैबीच, इन्डोनेसियाको सेन्ट्रल पपुवा प्रान्तमा पनि ६.१ म्याग्निच्युडको भूकम्प गएको युएसजिएसले जनाएको छ। नबिरे सहरबाट २८ किलोमिटर दक्षिणमा १० किलोमिटर गहिराइमा केन्द्रित भूकम्पलाई इन्डोनेसियाको बिएमकेजी एजेन्सीले भने ६.६ म्याग्निच्युड र २४ किलोमिटर गहिराइमा आएको बताएको छ।

विशाल द्वीपसमूह राष्ट्र इन्डोनेसिया प्रशान्त 'रिङ अफ फायर' को सक्रिय टेक्टोनिक क्षेत्रमा पर्न जाने भएकाले बारम्बार शक्तिशाली भूकम्पको सामना गर्दै आएको छ। जापानदेखि दक्षिणपूर्व एशिया हुँदै प्रशान्त बेसिनभर फैलिएको यस भूगर्भीय चापका कारण इन्डोनेसिया र रूसका तटीय बासिन्दाहरू निरन्तर जोखिममा रहने गरेका छन्।

### रूसद्वारा 'क्रूज मिसाइल' प्रक्षेपण

भ्लादिभोस्टोक, रुस, ३ असोज (रासस/सिन्ह्वा)।

रूसी दुई आणविक पनडुब्बीहरूले ओखोट्स्क सागरमा जारी सैन्य अभ्यासको क्रममा सफलतापूर्वक 'क्रूज मिसाइल' प्रक्षेपण गरेका छन्। फ्लीटका अनुसार, क्रास्नोयार्स्क र ओम्स्क नामक पनडुब्बीहरूले 'ओनिक्स' र 'ग्रानिट' क्रूज मिसाइलहरू समुद्री क्षेत्रमा प्रक्षेपण गरेका थिए।

निगरानी प्रणालीबाट प्राप्त तथ्याङ्क अनुसार, सबै मिसाइलहरूले आफ्नो लक्ष्यलाई सटीक रूपमा प्रहार गरेका थिए। प्रक्षेपणका क्रममा समुद्री सतहमार्फत परिचालित युद्धपोत तथा नौसैनिक विमानहरू प्रयोग गरी सम्पूर्ण क्षेत्रको सुरक्षा सुनिश्चित गरिएको थियो।

उक्त अभ्यास रूसी सेनाको उत्तरपूर्वी संयुक्त कमान्डद्वारा सेप्टेम्बर १२ देखि सञ्चालनमा रहेको कमाण्ड-स्टाफ अभ्यासअन्तर्गत गरिएको हो। यो अभ्यासको मुख्य उद्देश्य उत्तरी प्रशान्त महासागरमा समुद्री मार्गहरूको सुरक्षा गर्नुका साथै कामचाट्का र चुकोटका तटीय क्षेत्रहरू तथा नजिकका टापुहरूको रक्षा सुनिश्चित गर्नु रहेको जनाइएको छ। प्रशान्त फ्लीटका अनुसार, यो अभ्यास रूसी नौसेनाको नियमित तालिम योजनाअन्तर्गत सञ्चालित गरिएको हो।

### पाकिस्तानको बलुचिस्तानमा बम विस्फोट, ६ जनाको मृत्यु

इस्लामाबाद, ३ असोज (रासस/सिन्ह्वा)।

पाकिस्तानको दक्षिणपश्चिमी बलुचिस्तान प्रान्तमा बिहीबार भएको बम विस्फोटमा कम्तीमा ६ जनाको मृत्यु भएको छ भने एकजना गम्भीर घाइते भएका छन्। विस्फोट चमन जिल्लास्थित एक ट्याक्सी स्ट्यान्डमा भएको हो, जुन पाकिस्तान-अफगानिस्तान सीमामा पर्ने क्षेत्र हो। विस्फोटपछि घाइते र मृतकलाई तत्कालै जिल्ला मुख्यालय अस्पताल लगिएको थियो।

चमनस्थित मेडिकल इमर्जेन्सी रेस्पोन्स सेन्टर (एमइआरसी) ११२२ का प्रमुख गफूर उर रहमानले शिन्ह्वालाई जानकारी दिँदै भन्नुभयो,"घाइतेको अवस्था अत्यन्तै गम्भीर छ।"

विस्फोटको कारणबारे अहिलेसम्म यकिन विवरण प्राप्त नभए पनि सुरक्षा बलहरूले घटनास्थललाई घेराबन्दी गरी अनुसन्धान सुरु गरिसकेका छन्। हालसम्म कुनै पनि समूहले हमलाको जिम्मेवारी लिएको छैन।

यस घटनापछि मुलुकका शीर्ष नेताहरूले दुख प्रकट गरेका छन्। प्रधानमन्त्री शहबाज शरिफले विस्फोटको कडा निन्दा गर्दै घटनामा ज्यान गुमाउनेहरूप्रति गहिरो दुःख व्यक्त गरेका छन्। साथै, उहाँले दोषीहरूलाई कडा कारबाही गर्न सम्बन्धित निकायलाई निर्देशन दिनुभयो। प्रधानमन्त्री शरिफले भन्नुभयो,"बलुचिस्तानलाई अस्थिर पार्ने प्रयासहरू कहिल्यै सफल हुन दिने छैनौं। दोषीहरूलाई कानुनी कठघरामा उभ्याइनेछ।"

# संविधानको पूर्ण पालनागरी सुशासन कायम गर्नुपर्छ : मुख्यमन्त्री सिंह

जनकपुरधाम, ३ असोज (रासस) । मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले नेपाली जनताको ठूलो त्याग, तपस्या तथा बलिदानीबाट आएको सङ्घीयतासहितको वर्तमान संविधानको पूर्णपालना गरी देशमा सुशासन कायम गर्नुपर्ने बताउनुभएको छ ।

मधेस प्रदेशको गृह, सञ्चार तथा कानुन मन्त्रालयद्वारा संविधान दिवस २०८२ का अवसरमा शुक्रबार जनकपुरधाममा आयोजित समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्री सिंहले संविधानलाई मुलुकको स्थायित्व र समावेशी विकासको आधारका रूपमा व्याख्यासमेत गर्नुभयो । साथै उहाँले वर्तमान संविधानले सबै वर्ग, जातजाति, समुदायलाई कानुनी रूपमा समान अधिकार दिलाउनका लागि विशेष योगदान गरेकाले यसको सुरक्षा आवश्यक रहेको बताउनुभयो ।

सो अवसरमा मधेस प्रदेशका प्रमुख सुमित्रा सुवेदी भण्डारीले संविधानले लोकतन्त्रलाई संस्थागत गर्दै जनताको अधिकारलाई सुनिश्चित गरेको तथा सबैलाई समान अधिकार दिएको विचार व्यक्त गर्नुभयो । मधेस प्रदेशका सभामुख रामचन्द्र मण्डलले संविधानले दिएको अधिकारमा रहेर सबैले मर्यादित भई आफ्नो अधिकारलाई पूरा गराउनेतर्फ लाग्नुपर्नेमा जोड दिनुभयो । संविधान कार्यान्वयनमा सरकार तथा जनप्रतिनिधि दुवैले जिम्मेवारीपूर्वक तथा जनउत्तरदायी भएर काम गर्नुपर्ने उहाँको भनाइ थियो ।

मधेस प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले संविधानको सफल कार्यान्वयन तथा त्यसको पालनका लागि सुशासन र शान्तिसुरक्षा तथा उत्तरदायी सञ्चारको भूमिका अत्यन्त महत्वपूर्ण रहेको बताउनुभयो । समारोहमा विभिन्न राजनीतिक पार्टीका नेता, सांसद तथा जिल्लास्थित सुरक्षा निकायका प्रमुख तथा कार्यालयका कर्मचारीको सहभागिता थियो ।

# 'संविधानभित्रै लोकतान्त्रिक गणतन्त्रको भविष्य निहित छ'

काठमाडौँ, ३ असोज (रासस) । संविधानविद् र अधिकारकर्मीहरूले नेपालको वर्तमान संविधानलाई समयानुकूल तुल्याउँदै रक्षा गर्नुपर्ने आजको मुख्य दायित्व रहेको बताउनुभएको छ ।

संविधान दिवसका अवसरमा राससले राखेको जिज्ञासामा उहाँहरूले यो संविधानको पूर्ण कार्यान्वयनले मुलुक र जनताको उन्नति र प्रगति हुने धारणा व्यक्त गर्नुभयो । उहाँहरूले वर्तमान संविधानको संशोधन र रक्षाबाटै सङ्घीय लोकतान्त्रिक गणतन्त्रको भविष्य निहित रहेकाले संविधान मुलुकका लागि बाधक नभई साधक भएकाले रक्षा गर्नु हामी सबैको दायित्व भएको बताउनुभयो ।

विसं २०७२ असोज ३ गते नेपालको संविधान जारी भएको दिनको स्मरणमा यो दिवस मनाउने गरिँदै आइएको छ । संविधानका जानकारहरूले संविधानमा समयसापेक्ष संशोधन र सुधार गर्दै रक्षा गर्नुको विकल्प नभएको बताउनुभयो ।

**डा विजय मिश्र**
**अध्यक्ष, नेपाल बार एसोसिएसन**

संविधानलाई दीर्घ जीवन दिन समय-समयमा संशोधन गरिनुपर्छ । संशोधनका लागि इच्छाशक्ति आन्दोलनले पैदा गर्छ । बौद्धिक समाजको भेला र उपस्थितिले पनि संविधानलाई दीर्घ जीवन दिन आवश्यक खुराक प्रदान गर्छ । त्यसैले धेरै जटिल परिस्थितिलाई सामान गर्दै सङ्घर्ष गरेर बनाइएको संविधानलाई समय सुहाउँदो बनाउन संशोधन गरिनुपर्छ । त्यो गरेर सबै नागरिकको इच्छा यसैमार्फत पूरा गर्नुपर्छ । भ्रष्टाचार निर्मूल र सुशासन कायम गरिनुपर्छ ।

**रामनारायण बिडारी**
**संविधानविद्**

नेपालको संविधान वास्तवमा विश्वकै उत्कृष्ट संविधानभित्रै पर्छ । तर व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाले संविधान मर्म र भावनाअनुरुप कार्यसम्पादन गरेनन् । संविधानको प्रभावकारी कार्यान्वयन नहुँदाको असर जनता निराश भए । अब यो संविधानको पूर्ण कार्यान्वयन गर्नुपर्छ । यसमा भएका केही प्रावधानहरू न्यायिक, आर्थिक र राजनीतिकरुपले पनि सशोधन गर्नपर्नेछ । उदाहरणका लागि संवैधानिक परिषद्, न्यायपरिषद्, सवैधानिक इजलास, निर्वाचन प्रणाली, राज्यका संयन्त्रको सुदृढीकरण गर्नुपर्छ । राज्यको अनावश्यक खर्च जोगाउनुपर्छ । रोजगारी सृजना गर्नुपर्छ । संविधानलाई दोष नलगाइ समयसापेक्ष संशोधन गरी अघि बढनुपर्छ । त्यसका लागि पहिलो सर्त संविधानको रक्षा नै हो ।

**कनकमणि दीक्षित**
**वरिष्ठ पत्रकार**

नेपालको भविष्य उज्ज्वल बनाउन वर्तमान संविधानको रक्षा गर्ने प्रत्येक नागरिकको दायित्व हो । अहिले संविधानमा अलि कति धक्का लागेको छ । त्यसका बाबजुद अघि बढन सकिन्छ । निर्वाचन तोकिएको समयमा हुनैपर्छ । त्यसमा तलमाथि र बहाना गरिनुहुन्न, अन्यथा इतिहासले माफी दिन्न । लामो समय अस्थिरता भएमा नेपालमा विदेशी हस्तक्षेप बढछ । अहिले पनि संविधानवाद नेपालमा बाचेको छ । निर्वाचनमार्फत नयाँ संसद् गठन हुन्छ । अनि भविष्यको बाटोको यात्रा गर्ने हो । मुलुक सबैको खुशियाली र सुखको केन्द्र हुनुपर्छ ।

**टीकाराम भट्टराई**
**वरिष्ठ अधिवक्ता**

आज संविधान दिवस । यस संविधान दिवसले राखेका उद्देश्य असाध्यै राम्रा छन् । यो संविधानको पूर्ण कार्यान्वयन गर्ने हो भने जनता र देशको उन्नति र प्रगति हुने सम्भावनामा यसैभित्र छ । यद्यपि संविधान कार्यान्वयनमा सन्दर्भमा केही असन्तुष्टि देखिएका छन् । संविधानलाई संशोधन गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रको भविष्यमा नै सबै नेपाली जनताको भविष्य निहित भएकाले यसको रक्षा गर्नु आजको आवश्यकता हो । संविधानमा समयसापेक्ष संशोधन गरी नयाँ पुस्तालाई राजनीतिमा समाहित गर्ने बाटो प्रदान गर्दै राजनीतिकप्रति आकर्षण बनाइएको खण्डमा यो संविधान मुलुकका लागि बाधक होइन, साधक बन्नेमा मलाई पूर्ण विश्वास छ ।

**अर्जुनबहादुर कार्की**
**अधिकारकर्मी**

हामीले हजारौँ मानिसको बलिदानीबाट आजको संविधान प्राप्त गरेको हो । त्यसैले संविधानको भावना र मर्मलाई आत्मसात् गर्नुपर्छ । यसका लागि संविधानमा आवश्यक परिमार्जन र सुधार गर्न सकिन्छ । संविधानलाई सम्मान र पालना गर्न सकिएन भने मुलुक राजनीतिक दुर्घटनातिर उन्मुख हुन्छ । त्यसैले वर्तमान संविधानको रक्षा गरी समसामयिक सुधार गर्दै जानुको विकल्प छैन ।

# सिंहदरबारबाट आगजनी गरिएका सवारीसाधन हटाइँदै

काठमाडौँ, ३ असोज (रासस) । 'जेनजी' प्रदर्शनका क्रममा सिंहदरबार परिसरमा जलाइएका सवारीसाधन हटाएर व्यवस्थापनको कार्य सुरु गरिएको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जलेका सवारीसाधनलाई संसद् भवनको खाली ठाउँमा लगेर व्यवस्थापन गर्न थालिएको छ ।

मन्त्रालयका प्रवक्ता भिमार्जुन अधिकारीले ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकास मन्त्रालयको समन्वयमा जेनजी प्रदर्शनका क्रममा सिंहदरबारभित्र आगजनीबाट क्षति पुगेका सवारीसाधन हटाउन थालेको जानकारी दिनुभयो ।

"जलेका सवारीसाधनलाई संसद् भवनमा लगेर व्यवस्थापन गर्ने र सिंहदरबारमा रङरोगन गर्न थालेका छौँ", उहाँले भन्नुभयो, "तोडफोड भएका सवारीसाधन मर्मत भइरहेका छन् ।"

ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले जलेका सवारीसाधनका कारण कुरूप देखिएको भन्दै त्यसलाई हटाएर अन्यत्र व्यवस्थापन गर्न निर्देशन दिनुभएको हो ।

# सहिद विजय चौधरीको परिवारलाई नगरद्वारा खाद्यान्न प्रदान

सिरहा, ३ असोज (रासस) । 'जेनजी' आन्दोलनका क्रममा काठमाडौँमा प्रहरीको गोली लागेर सहिद भएका लहान-१५ सिमलटोकीका विजय चौधरीको परिवारलाई लहान नगरप्रमुख महेशप्रसाद चौधरीले शुक्रबार घरमै पुगेर खाद्यान्न सामग्री प्रदान गर्नुभएको छ ।

नगरप्रमुख चौधरीले लहान नगरपालिकाको तर्फबाट तत्काल राहतस्वरूप एक क्विन्टल चामल, पाँच किलो दाल, पाँच लिटर तेल र पाँच किलो नुन हस्तान्तरण गर्नुभएको हो । यसअघि बिहीबार आयोजित पत्रकार सम्मेलनमा नगरप्रमुख चौधरीले सहिद विजयको परिवारलाई रु एक लाख नगद राहत उपलब्ध गराउने घोषणा गर्नुभएको थियो । साथै, सहिद चौधरीकी चार वर्षीया छोरीको कक्षा १२ सम्मको शिक्षाको पूर्ण व्यवस्था गर्ने र श्रीमतीलाई योग्यताअनुसारको रोजगारीको अवसर उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

त्यस्तै लहान-१५ मै सहिद विजयको स्मृतिमा सहिद पार्क बनाउन पहल गरिने पनि उहाँले जानकारी दिनुभयो । सो अवसरमा, पीडितपरिवारप्रति सहानुभूति प्रकट गर्दै सामाजिक संस्था 'होप फाउन्डेसन' की अभियन्ता पार्वती सुब्बाले पनि पीडित परिवारलाई घरमै पुगेर रु १० हजार नगद सहयोग हस्तान्तरण गर्नुभएको छ ।

गत भदौ २३ गते काठमाडौँमा भएको प्रदर्शनमा प्रहरीको गोली लागि २७ वर्षीय विजय चौधरीको निधन भएको थियो । नौ दिनपछि यही मङ्गलबार उनको गाउँमा अन्तिम संस्कार गरिएको थियो । उहाँका आमाबुबा, एक दाजु र एक दिदी हुनुहुन्छ ।

यसअघि सरकारले आन्दोलनमा मृत्यु भएकालाई सहिद घोषणा गरिसकेको छ । साथै मृतकका परिवारलाई प्रतिव्यक्ति रु १५ लाख राहत उपलब्ध गराउने निर्णयसमेत गरिएको छ ।

# गृह मन्त्रालययद्वारा सहायता कक्ष स्थापना

**दैनिक समाचारदाता**
**काठमाडौँ, ३ असोज ।**

गृह मन्त्रालयले 'जेनजी' युवाहरूद्वारा भएको प्रदर्शनपश्चात विकसित भएको घटनाक्रम र परिवर्तनसँगै समाजमा घट्ने र घट्न सक्ने उच्छृङ्खल गतिविधिहरू सहजीकरण गर्नका लागि सहायता कक्षा स्थापना गरेको छ ।

शुक्रबार मन्त्रालयका सहायक प्रवक्ता एवं सूचना अधिकारी रवीन्द्र आचार्यले 'जेनजी' युवाहरूको आन्दोलनपछिको अवस्थामा जनताको समस्या र सुझाव सुन्नका लागि मन्त्रालयले उक्त सहायता कक्षा स्थापना गरेको जानकारी दिए ।

"जेनजी युवा पुस्ताद्वारा भएको प्रदर्शनपश्चात विकसित भएको घटनाक्रम र परिवर्तनसँगै समाजमा घट्ने र घट्न सक्ने उच्छृङ्खल गतिविधिहरू भए गरेको देखिएमा अथवा केही समस्या परेमा सोको सहजीकरण गर्न मोबाइल नम्बर ९८५१३६०६०३ सहितको सहायता कक्ष गृह मन्त्रालयमा स्थापना गरिएको हुँदा आफ्ना सूचना, गुनासो, सल्लाह, सुझाव उक्त नम्बरमा फोन, एसएमएस, ह्वाट्सएप, भाइबरमार्फत जानकारी गराउनुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ", मन्त्रालयद्वारा प्रकाशित सूचनामा उल्लेख छ ।

### *संविधान जोगाउन ...*

चुनौती तपाईंहरूको सम्झनामा ताजै छन् । नाकाबन्दी र देशको सार्वभौमसत्तामाथि उत्पन्न चुनौतीलाई परास्त गर्दै संविधान जारी भएको थियो । तसर्थ नेपालको संविधान नेपाली जनताले आफैँले आफ्ना निम्ति लेखेको भविष्य रेखा हो ।"

अध्यक्ष ओलीले संविधान जारी भएपछि नेपाललाई कसैले नाकाबन्दी लगाउन नसक्ने गरी भूपरिवेष्ठित देशलाई भू-जडित बनाउन उत्तर दक्षिण जोड्ने यातायात संरचना बनाइरहेको र उत्तरी छिमेकी देशसँग पनि यातायात पारवहन सम्झौता गरेको स्मरण गर्नुभयो । "हाम्रो सार्वभौमसत्ताको सामर्थ्य विस्तार गरेका थियौँ । हाम्रा विकास संरचनाका जग बसालेका थियौँ । अर्थतन्त्र तङ्ग्रँदै थियो", वक्तव्यमा भनिएको छ, "यतिबेला हाम्रो संविधानमाथि ठूलो आक्रमण भएको अवस्थामा छौँ । प्रधानमन्त्रीबाट मेरो राजीनामापछि सिंहदरबार जलाइएको छ- नेपालको नक्सा जलाइएको छ, देशको निशानी मेटाउन खोजिएको छ । यसका पछाडिको षड्यन्त्रबारे आज म धेरै कुरा भन्दिनँ, धेरै कुरा समयले आफैँ बयान दिनेछ । हाम्रो देश बनिरहेको थियो कि बिग्रेको थियो ? वा देश बिग्रेको काल्पनिक भाष्य खडा गरेर आक्रोश विस्तार मात्रै गरिएको थियो ? यी सबै कुरा हाम्रो नयाँ पुस्ताले आफैँ महसुस गर्नेछ । विदेश जाने र आउने विमानस्थलको भीडलाई नकारात्मक भनिरहेको समाज आज देश बाहिरको अनुमति बन्द हुनुलाई के ठान्ला, यो पनि समयले महसुस गराउनेछ । हाम्रो नयाँ पुस्ताले आफैँ बुझ्ने छ ।"

अध्यक्ष ओलीले युवाले काजी भीम मल्ल देशको सिमाना विस्तार गरेर देश फर्किनासाथ काटिएपछि पछुताउने मात्र विकल्प बाँकी रहेको घटना पनि स्मरण गर्नुभएको छ ।

भर्ना खुल्यो
गुणस्तरीय शिक्षाप्रति प्रतिबद्ध
युनिभर्सल कलेज
RAJBIRAJ UNIVERSAL ACADEMY
राजविराज,८, पुलचोक, सप्तरी
+2
विज्ञान
व्यवस्थापन
शिक्षाशास्त्र
मानविकी
For More Information Contact :
Contact : 031-590366, 9842820071, 9805928831

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*